# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ६, संख्याः १३, पौष २९ गते, २०७९ साल


व्यास नगरपालिकाको नगर कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको संशोधित कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

## व्यास नगरपालिका निर्माण व्यवसायी इजाजत पत्र नियमित गर्ने कार्यविधि (तेस्रो संशोधन) २०७९

कार्यपालिकाबाट स्वीकृत मिति: २०७९।५।७

व्यास नगरपालिका निर्माण व्यवसायी इजाजत पत्र नियमित गर्ने कार्यविधि, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ (१) बमोजिम कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुने गरी निम्नानुसार संशोधन गरेको छः

१. कार्यविधिको दफा ६ (१) इजाजत-पत्रको अवधि समाप्त भएका निर्माण व्यवसायीले इजाजत-पत्रको अवधि समाप्त भएको तीन महिना भित्र प्रचलित कानून बमोजिम तिर्नुपर्ने कर तिरेको, लेखा परीक्षण प्रतिवेदन, उपकरणको बिमा गरेको प्रमाण पेश भएमा आर्थिक ऐनले तोकेको दस्तुर लिई अनुसूची ५ को ढाँचामा निवेदन लिई प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतबाट अनुसूची ४ बमोजिमको विवरण समेत पेश गर्न लगाई नवीकरण गरिने छ । विवरण पेश नगर्ने निर्माण व्यवसायीको इजाजत-पत्र नवीकरण गर्न बाध्य हुने छैन **भन्ने बाक्यांशको सट्टा** इजाजत-पत्रको अवधि समाप्त भएका निर्माण व्यवसायीले इजाजत-पत्रको अवधि समाप्त भएको तीन महिना भित्र प्रचलित कानून बमोजिम तिर्नुपर्ने कर तिरेको भएमा आर्थिक ऐनले तोकेको दस्तुर लिई अनुसूची ५ को ढाँचामा निवेदन लिई प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतबाट अनुसूची ४ बमोजिमको विवरण समेत पेश गर्न लगाई नवीकरण गरिने छ । विवरण पेश नगर्ने निर्माण व्यवसायीको इजाजत-पत्र नवीकरण गर्न बाध्य हुने छैन ।

आज्ञाले
हरिराम नागिला
प्रमुख प्रशासकीय अधिकृत